आज मिति २०७७ साल वैशाख २६ गते प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछानेको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा COVID-19 जिल्ला संकट व्यवस्थापन केन्द्र (DCMC) को बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

उपस्थिति

प्र. जि. अ. श्री प्रेमलाल लामिछाने, जिल्ला प्रशासन कार्यालय
प्र. उ. श्री केदार रजौरे, जिल्ला प्रहरी कार्यालय
नि. प्र. उ. श्री यादव विश्वकर्मा, सशस्त्र प्र. बल नं. २९
उप अनु नि श्री योगेन्द्र के. सी. रा. अ. वि. डी. को बर्दिया
सेनानी श्री श्याम शाही श्री भैरव प्रसाद गण प्रशासनिक
मे. सु. श्री डा. प्रकाश पाण्डेय, बर्दिया अस्पताल
जन. स्वा. प्र. श्री गोकर्ण गिरी, स्वास्थ्य कार्यालय बर्दिया
नि. जि. स. अ. श्री कृष्ण बहादुर खड्का, जि. स. का. बर्दिया
प्र. अ. श्री गणेश विक्रम शाह, जिल्ला प्र. कार्यालय

सल्लाहकार समूह

प्रमुख श्री शंकर प्रसाद थापा, जिल्ला समन्वय समिति

आमन्त्रित

माननीय श्री संजय गौतम, प्रतिनिधिसभा सदस्य
माननीय श्री सन्त कुमार थारु प्रतिनिधिसभा सदस्य
~~पार्टी प्रतिनिधि~~ श्री कमल राज पुरी, पार्टी प्रतिनिधि, नेकपा
श्री मिश्रीलाल यादव, पार्टी प्रतिनिधि, नेका
श्री कृष्ण ~~कुमार~~ यादव, " - समाजवादी
श्री केशव ~~कुमार~~ यादव " - राजपा
प्रमुख श्री शालिकराम अधिकारी, बाँसगढी नगरपालिका
" श्री दुर्गा बहादुर थापा, बारबर्दिया नपा
" श्री मुक्तिनाथ यादव, गुलरिया नपा
" श्री गणेश बहादुर के. सी., मधुवन नपा
" श्री शिव प्रसाद थापा, राजापुर नपा
~~अध्यक्ष श्री लाल बहादुर~~
" श्री धन नारायण श्रेष्ठ, ठाकुरबाबा नपा

अध्यक्ष श्री लाल बहादुर श्रेष्ठ, बढैयाताल गाउँपालिका

उपाध्यक्ष श्री हिमा चौधरी, गेरुवा गाउँपालिका

कार्यालय प्रमुख सुनिल दत्त इलाका प्रशासन कार्यालय, राजापुर

प्र.अ. बालकृष्ण अधिकारी जिल्ला प्रशासन कार्यालय, बर्दिया

प्र.ना. नारायण प्रसाद रिजाल " " "

सु.व्य.अ. रमण ज्ञवाली DEOC बर्दिया

श्री रोमा बस्नेत, डे.रि.प्र.पा. पारोप्रतिनिधि

श्री गंगाराम अधिकारी जि. प्रशा. का.

श्री शोभाराम थारु जि.प्र.का.

. विश्वव्यापी महामारीको रूपमा फैलिरहेको COVID-19 को संक्रमण यस जिल्लामा समेत फैलिन सक्ने उच्च जोखिम रहेकोले उक्त जोखिमको नियन्त्रण तथा रोकथाम गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।२४ गतेको बैठकको निर्णय समेतलाई मध्यनजर गरी देहाय बमोजिम गर्ने

अ. नेपालगञ्जमा COVID-19 को संक्रमण देखिएकोले नेपालगञ्ज गुलरिया सडकबाट शान्ति सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सवारी साधन बाहेक अन्य सवारी साधनहरूको आवागमन वन्द गर्ने । तर, बेलुकी ७:०० बजे पछि औषधी, खाद्यान्न, पेट्रोलियम पदार्थ र खाना पकाउने ग्यासको ढुवानी गर्न दिने र अन्यको हकमा कोहलपुर-बाँसगढी सडक खण्ड प्रयोग गर्न दिने ।

आ. संक्रमणको जोखिमलाई मध्येनजर गरी बाँके जिल्लाबाट आउने हरियो तरकारी तथा फलफूल रोकावटलाई निरन्तरता दिने ।

इ. नेपालगञ्जमा COVID-19 को संक्रमणको कारण उक्त क्षेत्रमा निषेधाज्ञा जारी भएकोले यस जिल्लाका विरामीहरूको लागि औषधि खरिद गर्न समेत असहज हुने देखिएकोले कडारोग तथा दिर्घरोग लागेका विरामीहरूको औषधि आपूर्तिका लागि सम्बन्धित नगरपालिका/ गाउँपालिकाले बैकल्पिक व्यवस्था गरी सहजीकरण गरिदिने ।

ई. विकास आयोजना सञ्चालनको हकमा उच्चस्तरीय समन्वय समितिको १६ औ बैठकको निर्णयमा उल्लिखित शर्तहरू पुरा गरी/गराई स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी/ गराई सामाजिक दुरी कायम गरी/गराई नगरपालिका/गाउँपालिकास्तरीय योजनाहरूको हकमा योजनाको प्राथमिकिकरण गरी नगरपालिका/गाउपालिकाले नै सञ्चालनको अनुमति तथा अनुगमन गर्ने । राष्ट्रिय गौरवको आयोजना, संघीय तथा प्रादेशिक आयोजनाहरू सञ्चालनमा जिल्ला प्रशासन कार्यालयले आवश्यक समन्वय तथा सहजिकरण गर्ने ।

उ. आयोजनाहरूले आवश्यक पर्ने कामदारहरू उपलव्ध भए सम्म स्थानीय व्यक्तिहरूलाई परिचालन गर्ने ।

ऊ. विकास निर्माणसंग सम्बन्धित निर्माण सामग्रीहरूको ढुवानी व्यवस्थाका लागि सम्बन्धित आयोजना/निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयले समन्वय तथा सहजिकरण गर्ने ।

स जिल्लामा संक्रमणको जोखिम तथा अत्यावश्यक सेवा आवश्यकताको मुल्यांकन गरी स्वास्थ्य रक्षाका मापदण्ड पालना गरी/गराई सामाजिक दुरी कायम गरी/गराई देहाय बमोजिमका क्रियाकलाप चालन गर्न पाउने व्यवस्था गर्ने :

कृषि तथा पशुपन्छीजन्य सम्वन्धीः

१. खाद्यबस्तु र नयाँ बाली लगाउने तथा पाकेको बाली भित्र्याउने कार्य

२. पशुपन्छी पालन, माछा पालन तथा बिक्री वितरण (फ्रेस हाउस बाहेक)

३. बर्दिया जिल्लामा उत्पादित दुध र तरकारीको हकमा तोकिएको समयमा संकलन, ढुवानी तथा वितरण।

४. अन्य जिल्लाबाट सामग्री खाद्यान्न, अन्य उपभोग्य सामग्री, कुखुरा/अण्डा, दाना बेलुकी ७ बजे पछि ढुवानी व्यवस्था

५. कृषि मल बिउविजन कृषि औजार ढुवानी तथा विक्री वितरण

६. शीतभण्डार संचालन

**. स्वास्थ्य सेवा सम्वन्धी**

१. सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरु, अस्पताल, पोलिक्लिनिक, ल्याबहरुको सञ्चालन ।

२. स्वास्थ्य सुरक्षा तथा सामाजिक दुरी कायम गरी सबै प्रकारका खोप सेवाहरुको सञ्चालन।

३. औषधी तथा स्वास्थ्य सामग्री विक्रि वितरण

४. क्वारेण्टीन संचालन तथा व्यवस्थापनका लागि आवश्यक सामग्री ढुवानी तथा वितरण

५. औषधी पसलहरु(आयुर्वेद, होमियोप्याथिकसमेत) को सञ्चालन

६. एग्रोभेट र भेटेरिनरी औषधी पसलहरुको सञ्चालन र तत् सम्वन्धी सेवा

**. ढुवानी सेवा सम्वन्धीः**

ढुवानी सेवाका साधनहरुलाई निसंक्रमित(Disinfected) गरी निसंक्रमण गर्ने निकायले जारी गरेको निस्सा साथमा राखी चालक तथा परिचालकको स्वास्थ्य जाँच सम्वन्धी भन्सार बिन्दु वा उद्योग प्रतिष्ठानहरुमा गर्ने व्यवस्था मिलाई देहायका ढुवानी साधनहरु गन्तव्य स्थलसम्म बेलुकी ७:०० बजे पछि आवतजावत गर्न दिने;

१. प्रकरण २ को खण्ड (क) र (ख) मा उल्लिखित सबै प्रकारका बस्तु तथा सेवामा प्रयोग हुने ढुवानीका साधनहरु

२. भन्सारबाट जाँचपास भई आएका, उद्योग प्रतिष्ठानबाट लोडलिई मालसामान बोकेका र मालसामान गन्तव्यमा पुर्याई फर्किने ढुवानीका खाली साधनहरु

३. पानी, ग्याँस, पेट्रोलियम पदार्थ बोकेका ढुवानीका साधनहरु ।

४. औद्योगिक कच्चा पदार्थहरु र बर्दिया जिल्लामा उत्पादित तरकारी मालबस्तु बोकेका ढुवानीका साधनहरु

५. विकास आयोजनामा प्रयोग हुने उपकरणहरु लाने/ल्याउने कार्य र निर्माण सामग्रीहरु बोकेका ढुवानीका साधनहरु

६. कृषि सामग्री, रासायनिक एवम् प्राङ्गारिक मल बोकेका ढुवानीका साधनहरु

७. एम्बुलेन्स सेवा ।

. विकास आयोजना सम्वन्धी

१. बबई सिंचाई आयोजना,

२. विपद जोखिम न्यूनिकरण गर्न सघाउने अन्य आयोजनाहरु

३. तत्काल निर्माण कार्य नगर्दा आर्थिक तथा भौतिक क्षति हुने आयोजनाहरु

४. कामदार कम मेसिनरी उपकरण बढी प्रयोग हुने आयोजनाहरु

५. उच्चस्तरीय समन्वय समितिको १६औ बैठकको निर्णयबाट निर्धारित मापदण्ड पुरा गरेका तथा स्वास्थ्य सुरक्षा र सामाजिक दुरी कायम गरी संचालन गर्न सकिने अन्य विकास आयोजनाहरु

६. एक स्थानमा एक पटकमा अधिकतम १० जना नबढ्ने गरी संचालन गरिने शहरी पूर्वाधार सम्वन्धी आयोजनाहरु

७. माथी उल्लेखित आयोजनाहरुमा काम गर्ने श्रमिकहरुलाई सम्वन्धित निकाय/आयोजनाले दैनिक रुपमा स्वास्थ्य जाँच गराउने व्यवस्था मिलाउने । कार्यस्थलमै खानेबस्ने व्यवस्था मिलाउने ।

८. ढुङ्गा-गिट्टी, बालुवा लगायत निर्माण सामग्रीहरुको तोकिएको समयमा उत्पादन, सङ्कलन र ढुवानी ।

. सार्वजनिक सेवा सम्वन्धीः

१. बैङ्क तथा वित्तीय संस्था मार्फत अति आवश्यकीय सेवा प्रवाह गर्नुपर्ने कार्यका लागि मात्र तोकिएको दिन र समयमा आवश्यक पर्ने कर्मचारी मध्ये एक तिहाई कर्मचारीद्धारा सेवा सञ्चालन गर्ने । नगद कारोबार गर्दा खुद्रा पैसा कम हुने गरी गर्न आवश्यक सहजीकरण गर्ने ।

२. अति आवश्यकीय सेवा प्रदान गर्ने विद्युत, खानेपानी, सञ्चार, फोहोरमैला व्यवस्थापन, दमकल संचालन गर्ने निकायले न्यूनतम कर्मचारी आलोपालो मिलाई तोकिएका स्वास्थ्य सुरक्षा सम्वन्धी मापदण्डको अनुसरण गरी कार्यालय सञ्चालन गर्ने ।

. औद्योगिक उत्पादन सम्वन्धी

१. चामल, दाल, तेल, चिउरा, पाउरोटी, पिठो, चाउचाउ, पानी प्रशोधन जस्ता उद्योगहरु ।

२. बढीमा ५ जनासम्म कामदार रहने गरी सवारी साधन अन्य मेशिनरीहरुको मर्मत गर्ने वर्कशप, प्लम्बिङ, इलेक्ट्रिकल सेवा तथा पेट्रोल पम्प संचालन

यस जिल्लामा COVID-19 को संक्रमण देखिएमा जोखिमको अवस्था मुल्याङ्कन गरी जिल्लाको कुनै स्थान वा पुरै जिल्लामा माथी उल्लेखित क्रियाकलापहरु मध्ये केही निश्चित अवधिका लागि जिल्ला प्रशासन कार्यालय बर्दियाले रोक लगाउन सक्ने ।